**बैँठक संख्या: २० (बीसौँ)**

**मिति २०८३ जेठ २३ गते शनिबार बसेको कार्यपालिकाको बैठक निर्णयहरु :**

**निर्णय नं.१ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८३ साल जेठ १८ गतेको कार्यपालिकाको वैठक निर्णयहरु कार्यान्वयनको अवस्था वारेमा समिक्षा गरियो ।

**निर्णय नं.२ रकम भुक्तानी सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाबाट भुक्तानी हुने योजना तथा कार्यक्रमहरुको फाईल असार १५ गते भित्र गाउँपालिकामा भुक्तानीका लागि दर्ता गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ व्याडमिण्टन प्रतियोगिता सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा देउराली व्याडमिण्टन संस्था, सन्दकपुर-३ देउराली इलामले मिति २०८३ साल असार १३ देखि १५ गते सम्म सन्दकपुर व्याडमिण्टन प्रतियोगिता-२०८३ संचालन गर्ने पेश गरेको प्रस्ताव अनुसार उक्त खेल संचालन गर्नका लागि निम्न बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निम्नः

| **सि.नं.** | **भुक्तानी हुने शिर्षक** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | पालिकाको खेलकुद शिर्षकबाट | १,००,०००/- | |
| २. | भाषा धर्म संस्कार संस्कृति संरक्षण | २५,०००/- | |
| ३. | वडा नं. ३ बाट | २५,०००/- | |
| ४. | वडा नं. ५ बाट | २०,०००/- | |
| ५. | वडा नं. २ बाट | १५,०००/- | |
| ४. | वडा नं. १ बाट | १५,०००/- | |
| | **जम्मा** | **२,००,०००/-** | |

**निर्णय नं. ४ कल्भर्ट निर्माण सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा सन्दकपुर गाउँपालिका वडा नं. १ मा पर्ने पुवाखोला (खोलाघारी) मा जोशी हाईट्रो पावर र सन्दकपुर गाउँपालिकाको संयुक्त लागत मा कल्भर्ट निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ समिति गठन गर्ने सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा सन्दकपुर गाउँपालिका गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५२ बमोजिम निम्नानुसारका उद्यम विकास समितिको गठन गर्ने निर्णय गरियो ।

**निम्नः**

| **सि.नं.** | **नामथर** | **समितिमा रहने पद** | **उद्यम विकास समितिको पद** | **कैफियत** |
|---|---|---|---|---|
| १. | तुलाराम गुरुङ्ग | कार्यपालिकाको अध्यक्ष वा प्रमुख | संयोजक | |
| २. | रहर कुमार राई | संयोजक, सम्बन्धित स्थानीय तहको सभाको आर्थिक तथा योजना सम्बन्धि विषय हेर्ने समिति | सदस्य | |
| ३. | दिल कुमार लिम्बु | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| ४. | खोम माया दियाली | संयोजकले तोकेको स्थानीय तहको सभामा प्रतिनिधित्व गर्ने कार्यक्रम लागू भएको वडाको महिला सदस्य एक जना | सदस्य | |
| ५. | एलिजा राई | स्थानीय तहस्तरमा रहेका लघु उद्यमी मध्ये संयोजकले तोकेको एक जना महिला उद्यमी प्रतिनिधि | सदस्य | |
| ६. | प्रभु बैंक लि.सन्दकपुर शाखासँग माग गर्ने | स्थानीय तहमा भएका वित्तीय संस्था, सहकारी तथा उद्योग/व्यवसायसँग सम्बन्धित सङ्घ संस्थाहरुमा मध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि | सदस्य | |
| ७. | कमल प्रसाद ढकाल | शाखा प्रमुख | सदस्य-सचिव | |

**निर्णय नं.७ वतासे सिस्ने फेदी पुल सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिका ५ नं. वडा जमुनामा निर्माणाधिन बतासे सिस्ने फेदी ट्रष्ट पुलको दुवै तर्फ Abutment निर्माण गरि पुल निर्माण सुचारु गराउने निर्णय गरियो।

**निर्णय नं.८ बजेट सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा सन्दकपुर गाउँपालिका मार्फत वडाहरुलाई दिईएको सिलिङ्गमा रहने गरि सबै वडाहरुले असार ४ गते भित्र पालिकामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.८ सडक पुलको विवरण सम्बन्धमा।**

उक्त प्रस्ताव माथि छलफल गर्दा शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास विभागको पत्रानुसार यस सन्दकपुर गाउँपालिकामा नयाँ निर्माण गर्नुपर्ने, निर्माणाधीन र सम्पन्न तथा सञ्चालनमा रहेका स्थानीय सडक पुलहरुको विवरण सङ्कलन र अद्यावधिक गर्ने कार्यका लागि विभागले तोकेको ढाँचामा निम्न सडकहरुको विवरण संकलन गरि पठाउने सर्वसम्मत निर्णय गरियो।

**निम्नः**

| सि.नं. | पुलको नाम | खोलाको नाम | सडकको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | मझुवा पाहाखोला (रिङ्गरोड) | पाहाखोला | जमुना मझुवा पाहाखोला सडक | |
| २. | समाहा खोला (जमुना प्याङ्ग) | समाहा खोला | समाहाखोला रिङ्गरोड | |
| ३. | मेवा खोला पक्की पुल | मेवा खोला | टेकेगोलाई लुङ्गचोक रामखर्क सडक | |
| ४. | माईखोला पुल | माईखोला | इलाम माबु सन्दकपुर पर्यटन सडक | |
| ५. | धुवाँ खोला पुल | धुँवा खोला | फिक्कल बाघखोर रिङ्गरोड | |
| ६. | राईटार पुल | माईखोला | फिक्कल बाघखोर रिङ्गरोड | |
| ७. | पक्कु जमुना पुल | धुँवा खोला | माबु जमुना सडक | |
| ८. | पुङ खोला पुल | पुङ खोला | फिक्कल बाघखोर रिङ्गरोड | |
| ९. | झरना पुल | माईखोला | झरना पर्यटन सडक | |
| १०. | पाहाखोला पुल | पाहाखोला | फिक्कल बाघखोर रिङ्गरोड | |
| ११. | माईखोला पुल सुलुबुङ्ग आहाले माईटार सडक | ईङ्गला खोला | जमुना जौबारी सडक खण्ड | |
| १२. | आलुबारी कृष्णटार पक्की पुल निर्माण | पुवा खोला | चन्द्रोदय आ.वि. खरिखर्क इनपा सडक | |